४६४

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित
काठमाडौं वैशाख ८ गते ०१० साल

## भाग ८

### मालपोत तथा वनविभागको विज्ञप्ति

यो साल साबिक तिर्जा बाली खान्गी खाने जागीरदारहरूको र भत्ता पैटिया मानाचावल इत्यादि जिन्सी ठेकिएको जति खारेज भई माल तहसील गर्ने भएको खारेजीको मात्र तहसीललाई लगत फाँटले छापे गरी पठाएकोले मालहरूमा साबिकभन्दा बढी तहसील गर्नुपर्ने र छापेबमोजिम जग्गा दर्ता गराउनसमेत पर्ने असूल तहसीलको याम टायम चैत्र मसान्त भएकोले असूल तहसीलकै टायम पर्न आएको काम बढेअनुसार म्हद्दत थपको निकाशालाई लेखी आएकोमा पनि नयाँ भर्ना निकाशा गर्न खारेज हुने अड्डाको कर्मचारी अलपत्र पारी नयाँ भर्ना गर्न उचित नभई खारेजमा पर्ने सोही तिर्जा अड्डाकै जवानहरू ४ माललाई छापे गएअनुसार बाँड फाँड गरी म्हद्दत ठेकिन टायममा



(४६४) आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नभएको र सो काम भरसक चाँडो हुँदा हुँदै पनि असूल तहसीलकै टायममा हुन गएकोले सदर ४ मालको असूल तहसीलको टायम चैत्र मसान्तको भए पनि ०९ सालको तहसील गर्न १० साल वैशाखमसान्त सम्मको म्याद्द गरिदिएमा भीड भाडमा नपरी माल अड्डाहरूलाई केही होला र रैतीलाई पनि सुविस्ता हुने भई उक्त म्याद थपलाई राजसभामा पेश हुँदा ०९।१२।२८।६ मा सदर भई आएकोले सोवमोजिम विज्ञप्ति प्रकाशित गरिएको छ।

चन्द्रबहादुर थापा
सेक्रेटरी—
मालपोत तथा वनविभाग.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।